**श्री सर्वोच्च अदालत, संवैधानिक इजलास**
**सम्माननीय का.मु. प्रधान न्यायाधीश श्री दीपकराज जोशी**
**माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र**
**माननीय न्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा.**
**माननीय न्यायाधीश श्री दीपककुमार कार्की**
**माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे**

**आदेश**

**०७२-ws-०००८**

**मुद्दाः- उत्प्रेषण ।**

| | |
|---|---|
| कपिलवस्तु जिल्ला, बुड्ढी गाउँ विकास समिति वडा नं. २ स्थायी घर भै हाल रूपन्देही जिल्ला, बुटवल नगरपालिका वडा नं. ५ ज्योतिनगर बस्ने भिमलालको नाति, भक्तिप्रसादको छोरा गोविन्द बेल्वासे ------------------ १ | **निवेदक** |

**विरुद्ध**

| | |
|---|---|
| सम्माननीय प्रधानमन्त्री, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं ------------------------------------------------------------१ | |
| सम्माननीय सभामुख, व्यवस्थापिका संसद सचिवालय, सिंहदरबार, काठमाडौं-१ | **विपक्षी** |
| माननीय मन्त्री, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, सिंहदरबार, काठमाडौं ------------------------------------------------------------१ | |

**नेपालको संविधानको धारा १३३(१) बमोजिम यस अदालतको असाधारण अधिकारक्षेत्र अन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं निर्णय यसप्रकार छः-**

**तथ्य खण्डः**

१. रिट निवेदकले वंशजको नाताले नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गरी वि.सं. २०५६ सालसम्म नेपालमा कानून व्यवसाय गरी बसोबास गर्दै आएको थिएँ। २०५६ सालदेखि बेलायतमा बसोबास गरी व्यवसाय गरी आएको भए पनि हालसम्म मैले स्वेच्छाले नेपाली नागरिकता परित्याग गरेको छैन। बेलायतको कानून अनुसार म बेलायतको अङ्गीकृत (Naturalization) नागरिकता प्राप्त गर्न योग्य भए पनि नागरिकता ऐन, २०६३ को दफा १० मा रहेको **नेपाली नागरिकले अन्य कुनै देशको नागरिकता लिएमा नेपालको नागरिकता कायम नहुने** प्रावधानले मैले बेलायतको नागरिकता लिएमा नेपालको नागरिकताबाट बञ्चित हुनुपर्ने अवस्था भएको छ। त्यसैकारण मैले हालसम्म बेलायतको नागरिकता लिन सकेको छैन। संविधानअनुसार नेपाली नागरिक सार्वभौमसत्ता सम्पन्न भएकाले नेपालको नागरिकले स्वेच्छाले नेपालको नागरिकता परित्याग नगरेसम्म नागरिकता खारेज हुने गरी कानून बनाउन मिल्दैन। यस सम्बन्धमा अमेरिकाको सर्वोच्च अदालतले **"नागरिकले स्वेच्छाले आफ्नो नागरिकता त्यागेमा बाहेक नागरिकता बदर गर्ने कानून बनाउन व्यवस्थापिकालाई अधिकार नभएको"** भनी **AFROYIM vs. RUSK, 387 U.S. 253 (1967), (Decided May 29, 1967- Held)** मा सिद्धान्त प्रतिपादन समेत गरेको छ। नेपालको संविधानको धारा १४ ले गैरआवासीय नेपालीलाई गैरआवासीय नेपाली नागरिकता प्रदान गर्न सकिने गरी संवैधानिक व्यवस्था गरेको छ। धारा १० ले कसैलाई पनि नागरिकताबाट बञ्चित नगरिने भन्ने व्यवस्था भएको अवस्थामा संविधानको भावना र मर्मसँग बाझिने गरी नागरिकता ऐन, २०६३ को दफा १० मा रहेको व्यवस्थाले संविधानको धारा ४५ अनुसार प्रदत्त देश निकाला विरुद्धको मौलिक हकसमेत हनन हुन गएको हुँदा उक्त दफा १० बदरका लागि संविधानको धारा १३३(१) अनुसार प्रस्तुत रिट लिएर उपस्थित भएको छु।

२. अतः विपक्षीहरूले संविधानको प्रस्तावनाको पहिलो वाक्यांश र धारा ३ सँग बाझिएको नागरिकता ऐन, २०६३ को दफा १० लाई संविधानको धारा ३०४ अन्तरगतको संक्रमणकालीन अवस्था अनुसार मिलान नगरेको हुँदा संविधानको धारा १ बमोजिम प्रारम्भदेखि नै अमान्य घोषित गरी उत्प्रेषण, परमादेश लगायत जो चाहिने उपयुक्त आदेश जारी गरिपाऊँ भन्नेसमेत व्यहोराको गोविन्द बेल्वासेको रिट निवेदन।

३. निवेदकले नागरिकता ऐन, २०६३ को दफा १० बदर घोषित गरिपाऊँ भन्ने माग गरेको र उक्त विषयवस्तुको गम्भीरतालाई विचार गरी यस विषयसँग सान्दर्भिक

कुराहरू अध्ययन गरी दश दिनभित्र लिखित बहसनोट पेश गर्न लगाई नियमानुसार पेश गर्नु भन्ने यस अदालतको मिति २०७२।७।१६ को आदेश।

४. यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश जारी हुनु नपर्ने कारण भए आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक १५ दिनभित्र लिखित जवाफ पेश गर्नु भनी विपक्षीहरूका नाममा सूचना पठाई लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियमबमोजिम पेश गर्नु भन्ने यस अदालतको मिति २०७२।७।२९ को आदेश।

५. रिट निवेदकले बेलायतको नागरिकता नलिई नेपाली नागरिक नै रहेकोले निवेदन गर्ने हकदैया पुग्छ। संविधानतः सार्वभौमसत्ता नेपाली नागरिकमा रहेको हुँदा नागरिकले स्वेच्छाले परित्याग नगरेसम्म अन्य देशको नागरिकता लिएको भन्ने आधारमा नेपालको नागरिकता बदर हुने गरी भएको नागरिकता ऐन, २०६३ को दफा १० को व्यवस्था विभेदकारी छ। सो कानूनी व्यवस्थालाई संविधानको धारा १४ को व्यवस्थाको विपरीत हुने गरी व्याख्या गर्न नमिल्ने हुँदा गैरआवासीय नेपालीले गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्न पाउने गरी व्याख्या गर्नुपर्छ। अतः संविधानको प्रस्तावना, धारा ३, १० र ४५ सँग बाझिएको नागरिकता ऐन, २०६३ को दफा १० लाई उत्प्रेषण, परमादेश लगायत उपयुक्त आज्ञा, आदेश जारी गरी अमान्य घोषित गरिपाऊँ भन्ने निवेदक गोविन्द बेल्वासेको तर्फबाट पेश भएको बहसनोट।

६. व्यवस्थापिका संसदको सभामुखलाई विपक्षी बनाउनु पर्ने स्पष्ट आधार कारण खुलाउन सक्नु भएको छैन । नेपालको संविधानको धारा १३ ले नागरिकताको प्राप्ति, पुनःप्राप्ति र समाप्तिसम्बन्धी व्यवस्था संघीय कानूनबमोजिम हुने भनी स्पष्ट उल्लेख गरेको र धारा ३०४ को उपधारा (१) मा यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेका नेपाल कानून खारेज वा संशोधन नभएसम्म लागू रहनेछन् तर यो संविधानसँग बाझिएको कानून यो संविधान बमोजिमको संघीय संसदको पहिलो अधिवेशन बसेको मितिले १ वर्षपछि बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ भन्ने स्पष्ट व्यवस्था रहेकोमा अहिले नै बाझिएको भनी अर्थ गर्न मिल्दैन। निवेदक लगायत कुनै पनि नेपाली नागरिकलाई अर्को मुलुकको नागरिकता स्वीकार गर्न व्यवस्थापिका संसदले बाध्य नगराएको र नागरिक स्वयंले अर्को मुलुकको नागरिकता स्वेच्छाले स्वीकार गरेको अवस्थामा मात्र नेपालको नागरिकता कायम नरहने गरी ऐनको दफा १० मा भएको कानूनी व्यवस्था संविधानको धारा १४ र प्रस्तावनासँग बाझिएको भनी अमेरिकाको सर्वोच्च अदालतले प्रतिपादन गरेको

सिद्धान्तको उदाहरण दिई दायर भएको रिट निवेदन खारेज गरी पाऊँ भन्नेसमेत व्यहोराको व्यवस्थापिका संसदका सभामुख माननीय ओनसरी घर्तीको तर्फबाट परेको लिखित जवाफ।

७. नागरिकताको प्राप्ति, समाप्ति र पुनर्प्राप्तिको आधार राष्ट्रिय कानूनबाटै निर्धारित हुने विषय हो। एकल वा द्वैध नागरिकताको विषय राष्ट्रिय हितको आधारमा सम्बन्धित मुलुकले तय गर्ने विषय भएको र नेपालले शुरुदेखि नै एकल नागरिकताको अवधारणालाई स्वीकार गरी आएको छ। नेपालको संविधानले पनि द्वैध नागरिकतालाई स्वीकार नगरी धारा १४ मा दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठनको सदस्य राष्ट्रबाहेक अन्य मुलुकको नागरिकता प्राप्त गरेको व्यक्तिलाई संघीय कानून बमोजिम आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी नेपालको गैरआवासीय नागरिकता दिन सकिनेसम्म व्यवस्था भएको, धारा १३ अनुसार नागरिकताको प्राप्ति, पुनःप्राप्ति र समाप्तिका आधारहरू कानूनबाटै तय हुन्छन्। नागरिकता ऐन, २०६३ को दफा १० को व्यवस्थाले विदेशी नागरिकता प्राप्त गरी सकेका व्यक्तिलाई नेपाली नागरिक मानी नेपालको नागरिकता दिन नमिल्ने भन्ने व्यवस्था गरेको हो। त्यस्तै धारा १० ले नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट बञ्चित नगरिने प्रत्याभूति गरेको हुँदा सो व्यवस्था नेपाली नागरिकको हकमा मात्र लागू हुन्छ। आफ्नो मुलुकको राष्ट्रिय हित र आवश्यकताको आधारमा नागरिकतासम्बन्धी व्यवस्था कायम गरिन्छ। विदेशको नागरिकता लिएको व्यक्तिले संविधानको धारा ४८ ले किटान गरेको नागरिकका कर्तव्य पालना गर्न नसक्ने हुँदा नागरिकता ऐनमा एकै पटक दुई देशको नागरिकता कायम रहन सक्दैन भन्ने मान्यतालाई आत्मसात गरेको हो। रिट निवेदकले बेलायतको नागरिकता लिई नसकेको भन्ने निवेदनबाटै खुल्न आएको देखिँदा निवेदनमा लिएको दावी अनुमानमा आधारित देखिन्छ। कानूनको कुनै व्यवस्था संविधानसँग बाझिएको भनी दावी लिनेले सोको पुष्टि हुने आधार र कारणसमेत उल्लेख गर्न सक्नु पर्नेमा आधार र कारण नै खुलाउन नसकेको रिट निवेदन खारेज गरी पाऊँ भन्नेसमेत व्यहोराको सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीको तर्फबाट पेश भएको लिखित जवाफ।

८. नागरिकता व्यक्ति र राज्यबीच एक अर्कोप्रति अधिकार तथा कर्तव्यहरू सिर्जना गर्ने प्राकृतिक व्यक्ति र राज्यबीचको स्थायी, राजनीतिक र वैधानिक सम्बन्ध हो। नागरिकताको प्राप्ति, समाप्ति र पुनःप्राप्तिको आधार राष्ट्रिय कानूनबाटै निर्धारित हुन्छ। विश्वमा द्वैध नागरिकता र एकल नागरिकताको प्रचलन रहेकोमा कतिपय

मुलुकले द्वैध नागरिकताको मान्यतालाई स्वीकार गरेको र कतिपयमा एकल नागरिकताको मात्र व्यवस्था भएको पाइन्छ। एकल नागरिकताको अभ्यास भएको देशको नागरिकले विदेशी मुलुकको नागरिकता लिएमा निजको राष्ट्रियताको मुलुकको नागरिकता समाप्त हुन्छ। नेपालले शुरुदेखि नै एकल नागरिकताको अवधारणालाई स्वीकार गरी आएको छ। एकल वा द्वैध नागरिकताको विषय राष्ट्रिय हितको आधारमा सम्बन्धित मुलुकले तय गर्ने विषय हो। नेपालको संविधानले पनि द्वैध नागरिकतालाई स्वीकार नगरी धारा १४ मा दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठनको सदस्य राष्ट्रबाहेक अन्य मुलुकको नागरिकता प्राप्त गरेको व्यक्तिलाई संघीय कानून बमोजिम आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी नेपालको गैरआवासीय नागरिकता दिन सकिनेसम्म व्यवस्था भएको, धारा १३ मा नागरिकताको प्राप्ति, पुनःप्राप्ति र समाप्ति सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुने व्यवस्था गरी यस सम्बन्धमा कानून बनाई आवश्यक शर्त र प्रक्रिया तोक्ने अधिकार विधायिकालाई प्रदान गरेको हुँदा नागरिकताको प्राप्ति, समाप्ति र पुनःप्राप्तिका आधारहरू कानूनबाटै व्यवस्थित हुन्छन्। नागरिकता ऐन, २०६३ को दफा १० मा विदेशी नागरिकता प्राप्त गरी सकेका व्यक्तिलाई नेपाली नागरिक मानी नेपालको नागरिकता दिन नमिल्ने भन्ने व्यवस्था हो। त्यस्तै संविधानको धारा १० को व्यवस्था विदेशको नागरिकता प्राप्त गरी सकेको व्यक्तिको हकमा लागू हुने नभई नेपाली नागरिकको हकमामात्र लागू हुन्छ। विदेशको नागरिकता लिएको व्यक्तिले संविधानको धारा ४८ ले किटान गरेको नागरिकका कर्तव्य पालना गर्न नसक्ने हुँदा नागरिकता ऐनमा एकै पटक दुई देशको नागरिकता कायम रहन सक्दैन भन्ने मान्यतालाई आत्मसात गरेको हो। रिट निवेदकले बेलायतको नागरिकता लिई नसकेको भनी निवेदनमै खुलाएको हुँदा प्रस्तुत रिट अनुमानको आधारमा दायर गरेको देखियो। कानूनको कुनै व्यवस्था संविधानसँग बाझिएको भनी दावी लिनेले सोको पुष्टि हुने आधार र कारणसमेत उल्लेख गर्न सक्नु पर्नेमा आधार र कारण नै नखुलाई परेको रिट खारेज गरिपाऊँ भन्नेसमेत व्यहोराको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका माननीय मन्त्री श्री अग्निप्रसाद खरेलको तर्फबाट परेको लिखित जवाफ।

## ठहर खण्ड

९. नियमबमोजिम पेशी सूचीमा चढी इजलाससमक्ष पेश हुन आएको प्रस्तुत रिटमा निवेदक तर्फका विद्वान बरिष्ठ अधिवक्ताहरू डा. श्री चन्द्रकान्त ज्ञवाली र श्री

मातृका निरौला तथा विद्वान अधिवक्ता श्री तेजमान श्रेष्ठले नागरिकतासम्बन्धी अधिकार संवैधानिक अधिकार भएको एवं विदेशको नागरिकता लिएको जानकारी गराएपछि मात्र नेपालको नागरिकता रद्द हुने भन्ने ऐनको उद्देश्य हो। नेपालले WTO को सदस्यता प्राप्त गरी सकेको हुँदा सबै क्षेत्रमा प्रतिस्पर्धाका लागि खुल्ला भएको अवस्था छ। निवेदकले वंशजको नाताले नेपालको नागरिकता प्राप्त गरी नेपालमा कानून व्यवसायीको रूपमा कार्य गरी आएकोमा २०५६ सालदेखि बेलायतमा रही व्यवसाय गर्दै आएका र नेपालमा आई कानून व्यवसाय गर्ने उद्देश्यले निवेदन दिंदा गैरनेपाली भनेर निजको कानून व्यवसायीको इजाजतपत्र नवीकरण नगरी निवेदकलाई रोजगार व्यवसाय गर्ने हकबाट बञ्चित गरी संविधानद्वारा प्रदत्त मौलिक हक तथा WTO सँग भएको सम्झौतासमेतमा आघात पुगेको छ। नेपालको संविधानले वंशजको आधारमा नागरिकता प्रदान गर्दा Jus Soli र Jus Sanguinis को आधार लिएको छ। Jus soli मा नेपालमा जन्मेको आधारमा र Jus Sanguinis मा वंश अर्थात् रगतको आधारमा नागरिकता प्रदान गर्न सकिने गरी प्रावधान राखिएको छ। निवेदकले वंशजको आधारमा नागरिकता प्राप्त गरेको र हालसम्म विदेशको नागरिकता नलिएको अवस्था छ। नेपालको संविधानमा गैर आवासीय नेपालीलाई नेपालको गैर आवासीय नागरिकता प्रदान गर्न सक्ने प्रावधानसमेत रहेको र सो बमोजिमको कानूनसमेत बनी नसकेको अवस्थामा अन्य मुलुकको नागरिकता लिएमा नेपालको नागरिकता कायम नरहने भनी नेपाल नागरिकता ऐन, २०६३ को दफा १० मा भएको व्यवस्था लागू रहेकोले सो व्यवस्था संविधानसँग बाझिएको हुँदा बाझिएको हदसम्म अमान्य र बदर घोषित हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो।

१०. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमेतको तर्फबाट उपस्थित विद्वान सहन्यायाधिवक्ता श्री किरण पौडेलले रिट निवेदकले नेपालको नागरिकता लिएर नेपाल आउँदा सरकारले रोक्यो भन्न सक्नु भएको छैन, नेपाल बारमा प्रमाणपत्र नवीकरण गर्न जाँदा नेपालको नागरिक नभएकोले नवीकरण गर्न नमिल्ने भनियो भनी देखाउन नसकी विदेशको नागरिकता लिएको अवस्थामा नेपालको नागरिकता कायम नरहने हुँदा नेपाल नागरिकता ऐन, २०६३ को दफा १० संविधानसँग बाझिएको भनिएको छ। तर नागरिकतासम्बन्धी व्यवस्था नितान्त आफ्नो देशको कानूनद्वारा नियमित हुने विषय हो। नेपालको संविधानको धारा १३ मा नागरिकता प्राप्ति, समाप्ति र पुनःप्राप्तिको व्यवस्था संघीय कानूनबमोजिम हुने भन्ने व्यवस्था रहेको र धारा ३०४ मा संसदको पहिलो बैठक बसेको १ वर्षपछि संविधानसँग

बाझिएका कानून बाझिएको हदसम्म स्वतः अमान्य हुने व्यवस्था गरेको अवस्थामा अहिले नै उक्त ऐनको दफा १० संविधानसँग बाझिएको भनी अमान्य घोषित गर्न नमिल्ने हुँदा रिट खारेज गरी हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो।

११. यस अदालतबाट बहस नोट पेश गर्न गरिएको आदेश बमोजिम निवेदक गोविन्द बेल्वासेको तर्फबाट विद्वान वरिष्ठ अधिवक्ताहरू डा. श्री चन्द्रकान्त ज्ञवाली तथा श्री मातृका निरौलाबाट पेश हुन आएको बहस नोटमा संविधानसँग नबाझिने गरी कानून बनाउने अधिकार व्यवस्थापिकालाई रहेको भए पनि कुनै पनि नागरिकलाई देश निकाला गर्ने गरी कानून बनाउन पाइँदैन। संविधानसँग बाझिएका पुराना ऐनहरूलाई संशोधन तथा खारेज गर्ने निश्चित समय तोकिएकोमा सो समयसमेत व्यतित भैसकेको अवस्थामा तत्काल संक्रमणकालको अल्पकालीन व्यवस्थाका लागि निर्माण गरिएको नागरिकता ऐनको दफा १० संविधानसँग बाझिएको छ। संविधानको धारा ३ ले नेपालको भूभागभन्दा अन्यत्र बसोबास गर्ने नेपाली मुलका व्यक्तिलाई पनि राष्ट्रको परिभाषाभित्र समेटी व्यापक राष्ट्रियताको भावना बोकेको र सोभित्र नेपालको नागरिकता प्राप्त गरिसकेको व्यक्ति अर्को देशको नागरिकता लिई वा नलिई अन्य मुलुकमा बसोबास गरेको र नेपाली नागरिकको सन्तति रहेका व्यक्तिहरूलाई सुविधा स्वरूप गैरआवासीय नागरिकता दिने व्यवस्था भएको एवं धारा ११(२) मा वंशजका आधारले नेपालको नागरिकता प्राप्त गर्न नेपाली नागरिकको सन्तति हुनुको साथै नेपालमा स्थायी बसोबास गरेको हुनु पर्ने व्यवस्था छ। यसरी नेपाली नागरिकले अर्को देशको नागरिकता लिएको खण्डमा दुई वा दुईभन्दा बढी देशको नागरिक हुन सक्ने व्यवस्था गरिएको अवस्थामा अन्य मुलुकको नागरिकता लिएको आधारमा नेपालको नागरिकता बदर हुने नागरिकता ऐनको व्यवस्था संविधानको भावना विपरीत रहेको छ। आफ्ना सन्तानलाई गैरआवासीय नागरिकता दिलाउन बाबु आमाले विदेशको नागरिकता लिएको खण्डमा पनि नेपालको नागरिकता नगुम्ने अभिप्रायले धारा १४ को व्यवस्था भएको हुँदा नागरिकता ऐनको दफा १० ले व्यक्तिको वैयक्तिक अधिकार हनन गरेको छ। **The British Nationality Act, 1948** ले अन्य मुलुकको नागरिकता ग्रहण गरेमा बेलायती नागरिकता रद्द हुने भन्ने व्यवस्थालाई संशोधन गरी बेलायती नागरिकता छाड्न चाहेमा पुऱ्याउनु पर्ने प्रकृयाको व्यवस्था गरेर नागरिकता त्याग्ने विषय नागरिकको स्वेच्छामा निर्भर हुन्छ भन्ने मान्यतालाई स्वीकार गरेको सन्दर्भसमेतको आधारमा नागरिकको सार्वभौमसत्ता नै खोसिने गरी नागरिकतासम्बन्धी कानूनमा भएको व्यवस्था प्रारम्भदेखि नै अमान्य घोषित हुनु

पर्छ। देशप्रति कर्तव्य निर्वाह नगर्ने नागरिकले स्वयं नागरिकता परित्याग गर्दछन्। तर देशप्रति कर्तव्य निर्वाह गर्न चाहने नागरिकलाई अन्य देशको नागरिकता लिएकै आधारमा प्राप्त गरी सकेको नागरिकताबाट विमुख गराउनु संविधानको भावना र मर्म विपरीत छ। नागरिकले आफैं नागरिकता परित्याग नगरेको अवस्थामा राज्यले नागरिकता खोस्नु भनेको क्रुर सजाय हुने हुँदा नागरिकता ऐनको दफा १० को व्यवस्था संविधानले प्रत्याभूत गरेको क्रुर सजाय विरुद्धको अधिकार विपरीत हुन्छ। संविधानले अन्य मुलुकको नागरिकता ग्रहण गर्ने कि नगर्ने भन्ने विषय नेपाली नागरिकको स्वेच्छामा छाडेको अवस्थामा नागरिकता ऐन, २०६३ मा भएको आफूखुसी भन्ने शव्दलाई नेपाली नागरिकता परित्याग गर्ने रहेको मनसायका रूपमा व्याख्या गर्न मिल्दैन। उसको मनसाय नेपालको नागरिकता कायम राखी राख्ने नै भएको रूपमा बुझ्नुपर्ने र नेपालको नागरिकता त्याग गर्न चाहेको अवस्थामा त्याग गर्ने प्रक्रिया पूरा गरेर छाड्न सक्ने हुँदा उक्त ऐनको दफा १० अमान्य घोषित हुनुपर्छ भन्नेसमेत व्यहोरा देखिन्छ।

१२. त्यस्तै विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतको तर्फबाट महान्यायाधिवक्ताको कार्यालयबाट पेश भएको बहस नोटमा नेपाल नागरिकता ऐन, २०६३ को दफा १० मा कुनै नागरिकले आफूखुशी कुनै विदेशी मुलुकको नागरिकता प्राप्त गरेमा निजको नेपाली नागरिकता कायम रहने छैन भन्ने व्यवस्था भएको, निवेदकले विदेशी नागरिकता लिएको अवस्थासमेत नरहेको अवस्थामा निजको कुनै हक अधिकार हनन भएको भन्ने देखिँदैन। राज्यले निवेदकलाई विदेशको नागरिकता लिन बाध्य पारेको छैन। नेपालको संविधानको धारा १० मा नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट बञ्चित गरिने छैन भन्ने व्यवस्था गरेको, धारा १३ मा नागरिकताको प्राप्ति, पुनःप्राप्ति र समाप्तिसम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुने व्यवस्था गरी नागरिकता सम्बन्धमा कानून बनाई आवश्यक शर्त र प्रकृया तोक्ने अधिकार विधायिकालाई नै प्रदान गरेको तथा धारा १४ मा दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठनको सदस्य राष्ट्र बाहेक अन्य मुलुकको नागरिकता प्राप्त गरेका व्यक्तिलाई संघीय कानून बमोजिम आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी नेपालको गैरआवासीय नागरिकता प्रदान गर्न सकिने व्यवस्था गरेको हुँदा कुनै पनि नेपाली नागरिकले संघीय कानूनबाट व्यवस्था भए बमोजिम नेपालको नागरिकता पुनःप्राप्ति गर्न सक्ने तथा गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्न सक्ने नै हुन्छ। रिट निवेदकले उक्त दफाको कुन व्यवस्थाले निवेदकको के कस्तो हक अधिकार हनन हुन गयो

भन्ने उल्लेख गर्न नसक्नु भएको र उक्त दफा १० बदर घोषित गर्दा नागरिकता सम्बन्धी अन्य कतिपय व्यवस्था समेतमा असर पर्ने हुँदा रिट खारेज हुनुपर्छ भन्नेसमेत जिकीर लिएको देखिन्छ।

१३. रिट निवेदक तथा विपक्षीहरूको तर्फबाट रहनुभएका विद्वान कानून व्यवसायीहरूले गर्नुभएको उपर्युक्त बहस सुनी, पेश भएको बहस नोट एवं मिसिल संलग्न सम्पूर्ण कागजातहरूको अध्ययन गरी मुख्यतः देहायका विषयहरूको सम्बन्धमा निर्णय दिनुपर्ने देखियोः

**क. नेपालको संविधानले नागरिकता प्राप्तिका लागि के कस्ता आधारलाई स्वीकार गरेको छ?**

**ख. नेपाल नागरिकता ऐन, २०६३ को दफा १० संविधानसँग बाझिएको छ, छैन?**

**ग. निवेदन माग बमोजिमको आदेश जारी गर्नुपर्ने हो, होइन?**

१४. निरूपण गरिनुपर्ने पहिलो प्रश्नको सम्बन्धमा विचार गर्नुपूर्व प्रस्तुत निवेदनमा उठाइएको विषय र सो सम्बन्धमा विपक्षी निकायहरूले पेश गरेको लिखित जवाफको संक्षिप्त अवलोकन गरिनु सान्दर्भिक देखिन्छ। नेपालको संविधानको धारा १४ मा गैरआवासीय नेपाली नागरिकहरूलाई गैरआवासीय नेपाली नागरिकता प्रदान गर्न सकिने गरी व्यवस्था भएको र धारा १० मा कसैलाई पनि नागरिकताबाट बञ्चित नगरिने भन्ने व्यवस्था भएको अवस्थामा संविधानको भावना र मर्मसँग बाझिने गरी नागरिकता ऐन, २०६३ को दफा १० मा अन्य विदेशी मुलुकको नागरिकता लिएमा नेपालको नागरिकता कायम नरहने गरी भएको व्यवस्था नेपालको संविधानको धारा ३, १० र ४५ सँग बाझिएको हुँदा अमान्य घोषित गरिपाऊँ भन्ने रिट निवेदनको मागदावी पाइन्छ।

१५. नेपालले शुरुदेखि नै एकल नागरिकताको अवधारणालाई स्वीकार गरेको, नेपालको संविधानको धारा १४ मा भएको व्यवस्था अन्य मुलुकको नागरिकता प्राप्त गरेको गैरआवासीय नेपालीलाई संघीय कानून बमोजिम आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी नेपालको गैरआवासीय नागरिकता दिन सकिनेसम्म व्यवस्था भएको, धारा १३ अनुसार नागरिकता प्राप्ति, पुनःप्राप्ति र समाप्तिका आधारहरू कानूनबाटै तय हुने भन्ने स्पष्ट व्यवस्था भएको एवं धारा १० ले नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित नगरिने भन्ने व्यवस्था रहेको हुँदा सो व्यवस्था नेपाली नागरिकको हकमा मात्र लागू हुन्छ। नेपाल नागरिकता ऐन, २०६३ को दफा १० को व्यवस्थाले विदेशी नागरिकता प्राप्त गरी सकेका व्यक्तिलाई नेपाली नागरिक मानी नेपालको नागरिकता दिन

नमिल्ने भन्ने व्यवस्थाले निवेदकको कुनै हक अधिकार हनन नगरेको एवं धारा ३०४ बमोजिमको कानूनसमेत बनी नसकेको हुँदा अहिले नै नागरिकता ऐनको दफा संविधानसँग बाझिएको भनी अर्थ गर्न मिल्दैन भन्ने विपक्षी निकायहरूबाट पेश भएको लिखित जवाफमा जिकीर लिएको देखियो।

१६. उपर्युक्तानुसारको निवेदन दावी र लिखित जवाफको संक्षिप्त अवलोकनपछि अब निरूपण गरिनुपर्ने पहिलो प्रश्नको सन्दर्भमा विचार गर्दा नागरिकता ऐन, २०६३ को दफा १० मा भएको कानूनी व्यवस्थाले नेपालको नागरिक भएको कुनै व्यक्ति अन्य मुलुकमा गई बसोवास गरी सो मुलुकको नागरिक भएको अवस्थामा नेपालको नागरिकता कायम नहुने अवस्था सिर्जना गरेको हुँदा सो दफा १० को कानूनी व्यवस्था अवैध र बदरभागी भएको भनी निवेदकले प्रश्न उठाएको हुँदा नागरिकता प्राप्तिका आधारहरू र सो आधारहरूलाई नेपालको संविधानले के कसरी स्थान दिएको छ भन्ने बारेमा यहाँ संक्षिप्त विवेचना गरिनु आवश्यक हुन आएको छ। यथार्थमा नागरिकताको विषय कुनै पनि प्राकृतिक व्यक्ति कुन देशको नागरिक हो भन्ने कुराको पहिचान गराउने आधिकारिक प्रमाण हो। कुनै पनि देशको संविधान र कानूनद्वारा प्रदत्त राजनीतिक, नागरिक, आर्थिक, सामाजिक र सांस्कृतिक लगायतका अधिकारको प्रयोग वा उपभोग गर्नका लागि प्राकृतिक व्यक्तिको योग्यताको पुष्टि गर्ने माध्यम पनि नागरिकता नै हो। नागरिकताको माध्यमबाट नै कुनै पनि नागरिकले राज्यप्रणालीमा सहभागी भई शासन पद्धतिको प्रयोग गर्ने, सहभागिता जनाउने र समग्र राजनीतिक प्रणालीको कार्यान्वयनमा सामेल भई आफ्नो क्रियाकलाप सञ्चालन गर्ने अवसर प्राप्त गर्दछ। त्यसैले नागरिकतालाई राज्य र नागरिकका बीचको राजनीतिक सम्बन्ध सेतुको रूपमा समेत लिने गरिन्छ। नागरिकताकै माध्यमबाट नागरिकले आफ्नो देशको प्रशासन गर्ने राजनीतिक प्रतिनिधि चयन गर्न चुनावमा सहभागी हुने, आफ्नो प्रतिनिधि छान्ने र शासन प्रणालीमा प्रत्यक्ष सहभागी भई राजनीतिक अधिकारको उपभोग गर्ने गर्दछ। त्यसैले नागरिकताको माध्यमबाट प्राकृतिक व्यक्तिलाई केवल राजनीतिक अधिकार प्राप्त हुने मात्र होइन, साथसाथै यसले नागरिकका सामाजिक, आर्थिक, साँस्कृतिक र अन्य वैयक्तिक अधिकार समेतलाई सँगसँगै क्रियाशील गराउँदछ। त्यसैकारण कुनै पनि देशले आफ्नो देशका नागरिकलाई नागरिकता प्रदान गर्ने कुरा सो देशको राष्ट्रिय कानूनद्वारा निर्धारित हुने विषय हो।

१७. नागरिकताकै माध्यमबाट प्राकृतिक व्यक्ति र राज्यकाबीचमा अनेकौं सम्बन्ध, दायित्त्व र कर्तव्य समेतको सिर्जना भई तिनको नियमन समेत हुने भएकोले

विश्वका अनेकौं मुलुकहरूमा नागरिकताको प्राप्ति र समाप्तिका लागि खासखास आधार र अवस्थाहरू निश्चित गरिएको देखिन्छ। विश्वका प्रायः धेरै मुलुकहरूमा नागरिकताको प्राप्तिका आधारहरूमा सामान्यतः **१. जन्मको आधार, २. वंशजको आधार, ३. अङ्गिकरणको आधार, ४. क्षेत्र विलय (भौगोलिक क्षेत्र प्राप्ति) को आधार, ५. पुनस्थापनाको आधार, ६. सम्मानको आधार** अङ्गिकार गरिएको देखिन्छ।

१८. नागरिकता प्राप्तिका उल्लिखित आधारहरूमध्ये जन्मको आधार (Jus soli) धेरै मुलुकको राष्ट्रिय कानूनमा नागरिकता प्राप्तिको महत्त्वपूर्ण आधारको रूपमा रहेको देखिन्छ। जसअनुसार कुनै प्राकृतिक व्यक्ति जुन देशमा जन्मेको छ, उसलाई सोही देशको नागरिक मानिन्छ र आफ्नो भूभागमा जन्मेको जुनसुकै व्यक्तिलाई सो राज्यले आफ्नो नागरिकको हैसियतमा राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक लगायतका सबै अधिकारहरूको प्रत्याभूति गर्ने गर्दछ। जुन देशको माटोमा जन्मेको हो त्यो व्यक्ति त्यही देशको नागरिक मानिने सिद्धान्तलाई आधुनिक विश्वका धेरै मुलुकले मान्यता दिएको देखिन्छ।

१९. नागरिकता प्राप्तिको अर्को महत्त्वपूर्ण आधार वंशजको आधार (Jus Sanguinis) हो। जसअनुसार कुनै पनि प्राकृतिक व्यक्तिले आफ्नो जन्मदिने बाबु/वा आमाले जुन देशको नागरिकता प्राप्त गरेको छ, सोही बाबु/वा आमाले प्राप्त गरेको नागरिकताको आधारमा उसका सन्ततिलाई समेत नागरिकता प्रदान गर्ने व्यवस्था गरिएको हुन्छ। बाबु आमाले नागरिकता प्राप्त गरेको आधारमा निजहरूका सन्तानले नागरिकता प्राप्त गर्ने यसप्रकारको वंशजको आधारलाई कतिपय मुलुकले राष्ट्रिय कानूनमा नै नागरिकता प्राप्तिको आधार तय गरेको पाइन्छ।

२०. त्यसैगरी नागरिकता प्राप्तिको अर्को महत्त्वपूर्ण आधारको रूपमा अङ्गिकरण रहेको देखिन्छ। अङ्गीकरणको सामान्य अर्थ कुनै विदेशी राष्ट्रको नागरिक अर्को राष्ट्रमा गई लामो समयसम्म स्थायी बसोबास गरी बसेमा वा कुनै पेशा व्यवसाय गरी लामो समयसम्म बसोवास गरेमा बसोबास रहेको राष्ट्रले आफ्नो नागरिकको रूपमा स्वीकार गरी मान्यता दिने प्रक्रिया हो। कुनै पनि मुलुकको राष्ट्रिय कानूनद्वारा निर्धारण गरेको खासखास योग्यता र शर्तहरू पूरा गरेको अवस्थामा विदेशी राष्ट्रको नागरिकलाई बसोबास रहेको राष्ट्रले नागरिकता प्रदान गर्दछ। अङ्गीकरणको आधारमा एउटा देशको वास्तविक नागरिक विश्वको कुनै अर्को देशमा बसोवास गरेको आधारबाट नागरिक हुने कुरालाई समेत सम्बन्धित मुलुकको राष्ट्रिय कानूनले निश्चित आधार र शर्तमा स्वीकार गरेको हुन्छ।

२१. नागरिकता प्राप्तिको अर्को आधारको रूपमा क्षेत्रविलयको आधार रहेको हुन्छ। कुनै पनि मुलुकको भौगोलिक सीमाना वा क्षेत्रभित्र गाभिने गरी कुनै अर्को राष्ट्रको कुनै भूभाग प्राप्त हुन आएको अवस्थामा सो गाभिएको भूभागमा बसोबास गर्ने व्यक्तिहरू भूभाग गाभिन आएको राष्ट्रको नागरिक हुन पुग्दछन्। युद्ध, सन्धि वा अन्य राजनीतिक कारणबाट कुनै राष्ट्रको सीमाना हेरफेर भई सो राष्ट्रको कुनै भूभाग अर्को राष्ट्रमा गाभिन गएमा सो भूभागका जनता समेत अर्को राष्ट्रका नागरिक बन्न पुग्दछन्।

२२. पुनस्थापना वा पुनःप्राप्तिको आधार अनुसार कुनै व्यक्तिले स्वेच्छाले नागरिकता परित्याग गरेको वा कानूनबमोजिम नागरिकता नरहेकोमा पुनः नागरिकता प्राप्त गर्न सक्ने गरी गरिएको व्यवस्थालाई बुझिन्छ।

२३. त्यसैगरी विदेशी राष्ट्रको कुनै नागरिकले महत्त्वपूर्ण योगदान पुऱ्याएको आधारमा सो योगदानको कदर गर्दै आफ्नो देशको नागरिकता प्रदान गरी सम्मान गर्ने व्यवस्था पनि प्रचलनमा रहेको देखिन्छ। यसरी सम्मानको खातिर नागरिकता प्रदान गर्ने व्यवस्था अन्तर्गत प्राप्त हुने नागरिकतालाई अर्को शब्दमा सम्मानार्थ नागरिकता पनि भन्ने गरिएको पाइन्छ।

२४. नागरिकताको प्राप्तिका उल्लिखित आधारहरूलाई हरेक देशले आ-आफ्नो राष्ट्रिय परिवेश, भौगोलिक अवस्थिति, जनसंख्याको आकार, भूराजनीतिक परिवेश र राष्ट्रिय आवश्यकता लगायत अन्य कतिपय आन्तरिक पक्षहरूको सापेक्षतामा कानूनद्वारा क्रियाशील गराउने गरेका हुन्छन्। नागरिकता प्राप्तिका आधारहरू जे जस्ता भए पनि कुन कुन आधारमा नागरिकता प्रदान गर्ने भन्ने विषय हरेक देशको राष्ट्रिय कानूनद्वारा निर्धारित हुने विषय भएकोले सबै मुलुकमा नागरिकता प्राप्तिका आधारहरूमा एकरूपता हुनैपर्छ भन्ने हुँदैन। यथार्थमा नागरिकताको विषय नागरिक र राज्यका बीचको अन्तरसम्बन्धलाई दीगो बनाई आफ्नो नागरिक राज्यप्रति बफादार रहेसम्म राज्यले सो नागरिकको जिम्मेवारी लिने सर्वमान्य सिद्धान्तमा आधारित रहेको देखिन्छ। राष्ट्रको सार्वभौमिकता, अखण्डता र एकता हरेक नागरिकको आफ्नो राष्ट्रप्रतिको सामूहिक बफादारीबाट मात्र संपोषित हुने भएकोले यो सम्बन्ध अत्यन्त्य संवेदनशील मानिन्छ। त्यसैले नागरिकताको विषय राज्य र नागरिकका बीचको संवेदनशील र अन्तरनिहीत सम्बन्ध सेतुको रूपमा रहेको हुन्छ।

२५. त्यसैगरी नागरिकताको समाप्ति हुने अवस्था समेत कुनै पनि मुलुकको नितान्त आन्तरिक पक्षहरूले निर्धारण गर्ने हुँदा सबै मुलुकमा एकै मापदण्डका आधारमा

नागरिकता कायम हुने र समाप्त हुने आधारहरू कायम हुनुपर्छ भनी कुनै सर्वमान्य र सार्वकालिक धारणा बनाउन सकिने देखिँदैन।

२६. यस निवेदनमा निवेदकले उठाएको विषयवस्तुको सन्दर्भलाई हेर्दा नेपाल नागरिकता ऐन, २०६३ को दफा १० को कानूनी व्यवस्थाले दोहोरो नागरिकताको स्थितिलाई सम्बोधन र स्वीकार गर्न नसकेको कारण अन्य देशको नागरिकता प्राप्त गर्नासाथ नेपालको नागरिकता गुमाउनु पर्ने अवस्था आएकोले सो दफा १० को समग्र कानूनी व्यवस्था अमान्य रहेको भन्ने निजको दावी देखिन्छ। वास्तवमा कुनै प्राकृतिक व्यक्ति एकै पटक र एकै समयमा एकभन्दा बढी अर्थात् कम्तिमा दुईवटा देशको नागरिक हुन पाउनुपर्छ भनी व्यक्तिले अधिकारको रूपमा दावी गर्ने विषय भन्दा पनि सम्बन्धित मुलुकको संविधान, कानून र राष्ट्रिय नीतिले निर्धारण गर्ने विषय देखिन्छ। विश्वका कतिपय देशमा एउटा मात्र देशको नागरिकता लिन सकिने गरी एकल नागरिकताको अवधारणालाई स्वीकार गरिएको देखिन्छ भने कतिपय मुलुकमा एकै व्यक्तिले दुई भन्दाबढी देशको नागरिकता एकै पटक लिन सकिने गरी द्वैध (दोहोरो) नागरिकताको अवधारणा समेत प्रचलनमा रहेको पाइन्छ। त्यसैले नागरिकता सम्बन्धी विषय विश्वव्यापी रूपमा सबै मुलुकले एउटै आधारमा अपनाउने विषय नभई प्रत्येक देशको आन्तरिक नीतिगत विषय भएको हुँदा कुन देशमा कस्तो नीति रहेको छ भन्ने कुराले नै एकल नागरिकताको अवधारणा र द्वैध (दोहोरो) नागरिकताको अवधारणामध्ये कुन अवधारणालाई स्वीकार गरेको छ भन्ने कुरा निर्देशित गर्दछ।

२७. उदाहरणका लागि अष्ट्रेलिया, एण्डोरा, बहराइन, जापान, चीन, भारत, इरान, पेरु जस्ता धेरै देशहरूमा एकल नागरिकताको अवधारणालाई आत्मसात् गरेको पाइन्छ भने संयुक्त राज्य अमेरिकाको **Immigration and Nationality Act** ले दोहोरो नागरिकता प्राप्त गर्ने व्यवस्था नगरी कुनै पनि व्यक्तिले कुन देशको नागरिकता लिने भनी छनौट गर्नुपर्ने भनी व्यवस्था गरेको हुँदा संयुक्त राज्य अमेरिकामा समेत एकल नागरिकताको अवधारणालाई स्वीकार गरेको भन्ने देखिन्छ। बेलायतको **The British Nationality Act, 1948** मा अन्य मुलुकको नागरिकता लिएको व्यक्तिले बेलायतको नागरिकता परित्याग गर्न चाहेमा परित्याग गर्न सक्ने व्यवस्था गरी सोको प्रक्रियाको बारेमा समेत उल्लेख गरेको हुँदा त्यहाँ कुनै एउटा मात्र देशको नागरिकता छनौट गर्नुपर्ने व्यवस्थालाई बाध्यात्मक नबनाई दोहोरो नागरिकताको अवधारणालाई स्वीकार गरेको देखिन्छ। त्यस्तै भारतको संविधानको धारा ९ मा कुनै व्यक्तिले स्वेच्छिक रूपमा अन्य देशको नागरिकता लिएमा त्यस्तो व्यक्ति

भारतको नागरिक हुन नसक्ने भन्ने व्यवस्था गरी एकल नागरिकताको अवधारणालाई स्वीकार गरेको पाइन्छ।

२८. यसरी एकल वा दोहोरो नागरिकता सम्बन्धी विषय प्रत्येक राज्यको आन्तरिक राजनीतिक वातावरण, भौगोलिक क्षेत्रफल, भूराजनीतिक अवस्थिति र बनावट, राष्ट्रको आवश्यकता र आन्तरिक नीतिबाट निर्धारित हुने विषय भएको हुँदा एकल नागरिकता वा दोहोरो नागरिकतामध्ये कुन अवधारणालाई स्वीकार गर्ने भन्ने विषय प्रत्येक देशले आफ्नो भौगोलिक, आर्थिक, सामाजिक, राजनीतिक परिस्थितिको आधारमा आफ्नो अनुकूल निर्धारण गर्ने देखिन्छ। अतः कुनै देशले दोहोरो नागरिकताको अवधारणालाई स्वीकार गरेको दृष्टान्तका आधारमा कसैले अर्को देशले समेत सोही अवधारणा अपनाई दोहोरो नागरिकता स्वीकार गर्नुपर्छ भन्ने आग्रहका साथ दोहोरो नागरिकताको अवधारणासँग मेल नखाने प्रकृतिको कुनै राष्ट्रिय कानूनी व्यवस्थाको वैधताउपर अन्यथा दावी गर्न सिद्धान्ततः मिल्ने समेत देखिँदैन।

२९. मानवाधिकारको दृष्टिकोणबाट हेर्ने हो भने कुनै पनि देशले आफ्ना नागरिकलाई नागरिकता नै प्रदान नगर्ने भनी इन्कार गर्न तथा नागरिकता विहीन अवस्थामा राख्न मिल्दैन। मानव अधिकारको विश्वव्यापी घोषणापत्र लगायतका अन्तर्राष्ट्रिय महासन्धिहरूले समेत कुनै पनि व्यक्तिको नागरिकता पाउने अधिकारको हनन हुने गरी राज्यविहीन अवस्थामा राखिनु हुँदैन भनी व्यवस्था गरेको पाइन्छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को Article १५ मा प्रत्येक व्यक्तिलाई राष्ट्रियताको अधिकार हुने र कुनै पनि व्यक्तिलाई निरंकुशतापूर्वक राष्ट्रियताबाट बञ्चित नगरिने एवं राष्ट्रियता परिवर्तन गर्न बाध्य नपारिने भन्ने व्यवस्था रहेको छ। त्यसैगरी नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि, १९६६ (International Covenant on Civil and Political Rights, 1966) को धारा २४ मा प्रत्येक बालकलाई राष्ट्रियता प्राप्त गर्ने अधिकार हुनेछ भन्ने व्यवस्था रहेकोछ। मानवाधिकारको क्षेत्रमा विकसित भएका अन्तरराष्ट्रिय दस्तावेजहरूले कुनै पनि व्यक्तिलाई राज्यविहीन स्थितिमा राख्नु मानव अधिकारको उल्लंघन हो भनी राज्यको दायित्त्व र कर्तव्य समेत सुनिश्चित गरिरहेको हुँदा हरेक मुलुकले आफ्ना नागरिकलाई नागरिकको हैसियतमा राखी विभिन्न अधिकारको प्रत्याभूति गर्नु अनिवार्य नै हुन्छ। नेपाल पनि मानव अधिकारको विश्व्यापी घोषणापत्र, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय अभिसन्धि लगायत मानव अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय

महासन्धीको पक्ष बनिसकेको छ। नेपालले अन्तर्राष्ट्रिय क्षेत्रमा गरेका प्रतिबद्धता पूरा गर्ने सन्दर्भमा नागरिकता प्राप्तिका आधारहरूलाई संविधानद्वारा नै व्यवस्थित गरी सो व्यवस्थालाई कार्यान्वयन गर्नको लागि विधायिकालाई कानून बनाउन सक्ने अधिकार नेपालको संविधानले प्रदान गरेको देखिन्छ। सो तथ्य संविधानमा व्यवस्थित नागरिकता सम्बन्धी प्रावधानको अवलोकन गर्दा नै स्पष्ट हुन्छ।

३०. निवेदकले उठाएको विषयको सन्दर्भलाई विचार गर्दा नेपालको संविधानले नागरिकताको सम्बन्धमा गरेको व्यवस्थाहरूको समग्र अध्ययन गरी के कुन आधारमा नागरिकता प्राप्त हुने व्यवस्था संविधानमा गरिएको रहेछ भन्ने अर्को निरूपण हुनु पर्ने प्रश्नको बारेमा विवेचना गरिनु आवश्यक देखिन्छ। त्यसतर्फ विचार गर्दा नेपालको नागरिकताको सम्बन्धमा नेपालको संविधानको भाग-२, धारा १०, ११, १२, १३, १४ र १५ मा संवैधानिक व्यवस्था गरिएको देखिँदा ती व्यवस्थाहरू यहाँ उल्लेख गर्नु निवेदकले उठाएको विषयवस्तुको प्रकृतिबाट समेत सान्दर्भिक देखिन्छ।

**धारा १०. <u>नागरिकताबाट वञ्चित नगरिने:</u>** *(१) कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गरिने छैन।*

*(२) नेपालमा प्रादेशिक पहिचान सहितको एकल संघीय नागरिकताको व्यवस्था गरिएको छ।*

**धारा ११. <u>नेपालको नागरिक ठहर्ने:</u>** *(१) यो संविधान प्रारम्भ हुँदाका बखत नेपालको नागरिकता प्राप्त गरेका र यस भाग बमोजिम नागरिकता प्राप्त गर्न योग्य व्यक्तिहरू नेपालको नागरिक हुनेछन्।*

*(२) यो संविधान प्रारम्भ हुँदाका बखत नेपालमा स्थायी बसोवास भएको देहायको व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्नेछः-*

*(क) यो संविधान प्रारम्भ हुनुभन्दा अघि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गरेको व्यक्ति,*

*(ख) कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति।*

*(३) यो संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुबै नेपालको नागरिक रहेछन् भने निज बालिग भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ।*

*(४) नेपालभित्र फेला परेको पितृत्व र मातृत्वको ठेगान नभएको प्रत्येक नाबालक निजको बाबु वा आमा फेला नपरेसम्म वंशजको आधारमा नेपालको नागरिक ठहर्नेछ।*

*(५) नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिनेछ। तर बाबु विदेशी नागरिक भएको ठहरेमा त्यस्तो व्यक्तिको नागरिकता संघीय कानून बमोजिम अंगीकृत नागरिकतामा परिणत हुनेछ।*

*(६) नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा संघीय कानून बमोजिम नेपालको अंगीकृत नागरिकता लिन सक्नेछ।*

(७) *यस धारामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकबाट जन्मिएको व्यक्तिको हकमा निज नेपालमा नै स्थायी बसोबास गरेको र निजले विदेशी मुलुकको नागरिकता प्राप्त गरेको रहेनछ भने निजले संघीय कानून बमोजिम नेपालको अंगीकृत नागरिकता प्राप्त गर्न सक्नेछ । तर नागरिकता प्राप्त गर्दाका बखत निजका आमा र बाबु दुवै नेपाली नागरिक रहेछन् भने नेपालमा जन्मेको त्यस्तो व्यक्तिले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्न सक्नेछ।*

*(८) यस धारामा लेखिएदेखि बाहेक नेपाल सरकारले संघीय कानून बमोजिम नेपालको अंगीकृत नागरिकता प्रदान गर्न सक्नेछ।*

*(९) नेपाल सरकारले संघीय कानून बमोजिम नेपालको सम्मानार्थ नागरिकता प्रदान गर्न सक्नेछ।*

*(१०) नेपालभित्र गाभिने गरी कुनै क्षेत्र प्राप्त भएमा त्यस्तो क्षेत्रभित्र बसोबास भएको व्यक्ति संघीय कानूनको अधीनमा रही नेपालको नागरिक हुनेछ।*

**धारा १२. <u>वंशीय आधार तथा लैङ्गिक पहिचानसहितको नागरिकताः</u>** *यो संविधान बमोजिम वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैङ्गिक पहिचानसहितको नेपालको नागरिकता प्रमाणपत्र पाउन सक्नेछ।*

**धारा १३. *<u>नागरिकताको प्राप्ति, पुनः प्राप्ति र समाप्तिः</u>*** *नागरिकताको प्राप्ति, पुनःप्राप्ति र समाप्ति सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुनेछ।*

**धारा १४. <u>गैरआवासीय नेपाली नागरिकता प्रदान गर्न सकिनेः</u>** *विदेशी मुलुकको नागरिकता प्राप्त गरेको दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठनको सदस्य राष्ट्र*

*बाहेकका देशमा बसोबास गरेको साविकमा वंशजको वा जन्मको आधारमा निज वा निजको बाबु वा आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेको व्यक्तिलाई संघीय कानून बमोजिम आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी नेपालको गैरआवासीय नागरिकता प्रदान गर्न सकिनेछ।*

**धारा १५. <u>नेपालको नागरिकता सम्बन्धी अन्य व्यवस्था:</u>** *नेपालको प्रत्येक नागरिकको परिचय खुल्नेगरी अभिलेख राख्ने तथा नेपालको नागरिकता सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुनेछ।*

३१. नेपालको संविधानले नागरिकताको सम्बन्धमा गरेको उल्लिखित व्यवस्थाहरूको अवलोकनबाट मूलतः वंशजको आधार (Jus Sanguinis), जन्मको आधार (Jus Soli), अङ्गीकरणको आधार (Naturalization) , क्षेत्र विलय (भौगोलिक क्षेत्र प्राप्ति) को आधार र विशिष्ट योगदान वापत सम्मानस्वरूप नागरिकता प्रदान गर्न सकिने गरी विभिन्न आधारहरूलाई नागरिकता प्राप्तिका आधारको रूपमा अङ्गिकार गरेको देखियो। यसरी नेपालको संविधानले नै नेपालको नागरिकता प्राप्तिका आधारहरू तय गरी नेपाली नागरिकता प्राप्त गर्नको लागि नेपाली नागरिकका योग्यता, शर्त र अवस्थाहरू समेत तोकेको देखिन्छ। उल्लिखित आधारहरू बाहेक नागरिकताको प्राप्ति, समाप्ति र पुनःप्राप्तिको अन्य आधार संघीय कानूनबमोजिम हुने भनी व्यवस्था गरी संविधानले निर्धारण गरेको मापदण्ड र आधारमा नागरिकतासम्बन्धी कानून बनाउन सक्ने अधिकार संघीय संसदलाई दिएको हुँदा संघीय संसदले नेपालको नागरिकताको प्राप्ति, समाप्ति र पुनः प्राप्ति लगायतका विषयमा कानून बनाई संविधानमा रहेको नागरिकता सम्बन्धी व्यवस्थाको कार्यान्वयनका लागि थप कानूनी व्यवस्था र त्यसको कार्यविधि लगायतको विषय व्यवस्थित गर्न सक्ने नै देखिन्छ। साथै संविधानले निर्धारण गरेका उल्लिखित आधारहरूमा टेकी नेपालको नागरिक हुन योग्य कुनै पनि व्यक्तिलाई नागरिकता प्रदान गर्न सक्ने र सोको लागि थप कानूनी व्यवस्थाहरू गर्न सकिने गरी संविधानले नै स्पष्ट गरिरहेको हुँदा यस विषयमा अब थप चर्चा गरिरहनु पनि परेन।

३२. अब नेपाल नागरिकता ऐन, २०६३ को दफा १० को कानूनी व्यवस्था नेपालको संविधानसँग बाझिएको छ, छैन? भन्ने मूल प्रश्नको सम्बन्धमा विचार गर्नुपूर्व सो दफा १० को कानूनी व्यवस्थाको यहाँ उल्लेखन गरिनु उपयुक्त देखिएको छः

**दफा १०. <u>नेपाली नागरिकता कायम नरहने</u>:** *(१) नेपालको कुनै नागरिकले आफूखुशी कुनै विदेशी मुलुकको नागरिकता प्राप्त गरेपछि निजको नेपाली नागरिकता कायम रहने छैन।*

*(२) नेपाली नागरिकले नेपालको नागरिकता त्याग्न तोकिए बमोजिम सूचना गरेपछि तोकिएको अधिकारीले त्यस्तो सूचना दर्ता गर्नेछ र त्यसरी दर्ता गरिएको मितिदेखि निजको नेपाली नागरिकता कायम रहने छैन।*

*(३) दफा १४ बमोजिम कुनै व्यक्तिलाई नेपाली नागरिकताबाट हटाइएकोमा त्यसरी हटाइएको मितिदेखि त्यस्तो व्यक्तिको नेपाली नागरिकता कायम रहने छैन।*

*(४) कुनै व्यक्तिलाई एकैसाथ नेपालको र विदेशी मुलुकको नागरिकता प्राप्त हुने अवस्था भएमा त्यस्तो व्यक्तिले सोह्र वर्ष उमेर पुगेको दुई वर्षभित्र कुनै एक मुलुकको नागरिकता रोज्नु पर्नेछ। त्यसरी नागरिकता नरोजेको अवस्थामा सो म्याद नाघेपछि निजको नेपाली नागरिकता कायम रहने छैन।*

*(५) नेपालको नागरिकले विदेशी मुलुकको नागरिकता प्राप्त गरेको छ वा छैन भन्ने प्रश्न उठेमा तोकिएको अधिकारीले प्रचलित कानून बमोजिम निर्णय गर्नेछ।*

३३. यसरी निवेदकले वैधताको प्रश्न उठाएको नेपाल नागरिकता ऐन, २०६३ को दफा १० को समग्र कानूनी व्यवस्थालाई हेर्दा सो अन्तर्गत कुनै पनि व्यक्ति नेपालको नागरिक पनि रहने र सोही समयमा अर्को विदेशी राष्ट्रको नागरिक पनि हुन सक्ने गरी दोहोरो नागरिकताको स्थितिलाई मान्यता दिइएको पाइँदैन। यसरी दोहोरो नागरिकताको स्थितिलाई मान्यता नदिएको भन्ने कारण देखाई निवेदकले सो दफा १० को समग्र कानूनी व्यवस्था नेपालको संविधानको धारा १०(१), धारा ११(७), धारा १४ समेतसँग बाझिएको भनी विवाद उठाएको देखिन्छ। त्यसैले नेपाल नागरिकता ऐन, २०६३ को दफा १० को कानूनी व्यवस्थाहरूलाई संविधानका उपर्युक्त प्रावधानहरूसँग सादृश्य गरी विवेचना गरिनु वाञ्छनीय हुन आएको छ।

३४. नेपालको संविधानको धारा १० मा कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट बञ्चित नगरिने भनी गरेको व्यवस्था तथा धारा १४ मा नेपालको नागरिकता प्राप्त गरिसकेको व्यक्तिले अर्को देशको नागरिकता लिई वा नलिई अन्य मुलुकमा बसोबास गरेका नेपाली नागरिकको सन्ततिलाई सुविधा स्वरूप गैरआवासीय नागरिकता दिने गरी व्यवस्था गरेकोले नेपालको नागरिकता प्राप्त

गरेपछि अन्य मुलुकको नागरिकता लिएको अवस्थामा पनि नेपालको नागरिकको रूपमा नागरिकता कायम हुन सक्छ भन्ने रिट निवेदकको दावी हुँदा नेपालको संविधानको धारा १० को व्यवस्थाको सामान्य अर्थवोध हुनु वाञ्छित हुन आएको छ।

३५. **नेपालको संविधानको धारा १० (१)** मा प्रयुक्त ***"कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट बञ्चित गरिने छैन"*** भन्ने व्यवस्थाको अर्थ नेपालको नागरिकको रूपमा रहेको हरेक व्यक्तिलाई नागरिकता प्राप्त गर्ने हक हुनेछ र सो हकबाट राज्यले कुनै पनि नागरिकका बीच कुनै पनि आधारमा विभेद गर्ने वा वञ्चित गर्ने छैन भन्ने हो। सो व्यवस्थाको आशय नेपालको नागरिक हुन योग्य भएको कुनै पनि व्यक्ति नागरिकता पाउने अवसरबाट वञ्चित नहुने भन्ने सारभूत हकको प्रत्याभूति हो। तर नागरिक हुन अयोग्य व्यक्ति वा विदेशी नागरिकता पाएको व्यक्ति पनि अन्य नेपाली नागरिक सरह नै नागरिकताको दावेदार हुन पाउँछ वा नेपालको नागरिकता प्राप्त गरेको कुनै व्यक्तिले अन्य विदेशी मुलुकको नागरिकता प्राप्त गरिसकेपछि पनि नेपालको नागरिकको हैसियतमा सबै राजनीतिक अधिकारको दावी गर्ने हक रहेको हुन्छ भन्ने सो संवैधानिक व्यवस्थाको आशय देखिँदैन। किनभने नेपालको नागरिकको रूपमा रहेको कुनै व्यक्तिले अन्य देशको नागरिकता लिएको अवस्थामा समेत सो व्यक्तिले नेपालको नागरिककै हैसियतमा मान्यता पाउन सक्छ भनी संविधानले स्पष्ट व्यवस्था नगरेको अवस्थामा एक पटक नेपालको नागरिकता पाएको नेपाली नागरिकले अर्को देशको नागरिकता लिएपछि निजको हैसियत अन्य नेपाली नागरिक सरहको हुन्छ भनी अर्थ गर्न मिल्ने देखिँदैन। तसर्थ संविधानको धारा १० (१) मा रहेको **नेपाली नागरिक** भन्ने शव्दले नेपालको नागरिक सरह अन्य देशको नागरिकता प्राप्त गरिसकेको व्यक्तिलाई समेत समेट्न सक्ने देखिएन।

३६. त्यस्तै नेपालको संविधानको धारा ११(७) को व्यवस्थाको आलोकमा समेत नेपाल नागरिकता ऐन, २०६३ को दफा १० को व्यवस्था खारेजभागी छ भनी निवेदकले लिएको जिकीरको सन्दर्भबाट समेत सो धारा ११(७) को आसयलाई हेर्नु परेको छ। उक्त धारा ११(७) मा "***यस धारामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकबाट जन्मिएको व्यक्तिको हकमा निज नेपालमा नै स्थायी बसोबास गरेको र निजले विदेशी मुलुकको नागरिकता प्राप्त गरेको रहेनछ भने निजले संघीय कानून बमोजिम नेपालको अंगीकृत नागरिकता प्राप्त गर्न सक्नेछ। तर नागरिकता प्राप्त गर्दाका बखत***

***निजका आमा र बाबु दुवै नेपाली नागरिक रहेछन् भने नेपालमा जन्मेको त्यस्तो व्यक्तिले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्न सक्नेछ"*** भन्ने व्यवस्था रहेको देखिन्छ। जसअनुसार विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकबाट जन्मिएको सन्तानको नेपालमा नै स्थायी बसोबास रहेको र निजले विदेशी मुलुकको नागरिकता प्राप्त नगरेको अवस्थामा मात्र कानूनको अधीनमा रही नेपालको अङ्गिकृत नागरिकता प्राप्त गर्न सक्ने देखिन्छ। त्यस्तो व्यक्तिले नागरिकता प्राप्त गर्दाको अवस्थामा निजको बाबु र आमा दुबैजना नेपालको नागरिक रहेछन् भने चाहिँ नेपालमा जन्मेको त्यस्तो व्यक्तिले वंशजकै आधारामा नेपालको नागरिकता प्राप्त गर्न सक्ने देखिन्छ। यस संवैधानिक व्यवस्था अनुसार विदेशी मुलुकको नागरिकता प्राप्त गरेको अवस्थामा पनि नेपालको नागरिक हुन सक्ने कुनै आधार रहेको देखिँदैन। त्यसैले निवेदकले संविधानको धारा ११(७) सँग नेपाल नागरिकता ऐन, २०६३ को दफा १० को व्यवस्था मेल नखाएको भनी लिएको दावी समेत औचित्यपूर्ण देखिँदैन।

३७. त्यसैगरी नेपाल नागरिकता ऐन, २०६३ को दफा १० को कानूनी व्यवस्थालाई निवेदकले संविधानको धारा १४ को व्यवस्था विपरीत छ भनी आपत्ति जनाएको परिप्रेक्ष्यमा समेत सो धारा १४ को व्यवस्थाको अन्तर्यलाई हेर्नु आवश्यक भएको छ। धारा १४ मा ***"विदेशी मुलुकको नागरिकता प्राप्त गरेको दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठनको सदस्य राष्ट्र बाहेकका देशमा बसोबास गरेको साबिकमा वंशजको वा जन्मको आधारमा निज वा निजको बाबु वा आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेको व्यक्तिलाई संघीय कानून बमोजिम आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी नेपालको गैरआवासीय नागरिकता प्रदान गर्न सकिनेछ"*** भन्ने व्यवस्था रहेको देखिन्छ। सो व्यवस्थाबमोजिम नेपालको गैरआवासीय नागरिकता प्रदान गर्ने विस्तृत आधार संघीय कानूनबाट व्यवस्थित हुने देखिन्छ भने संघीय कानूनबमोजिम गैरआवासीय नागरिकता प्राप्त गरेको व्यक्तिले नेपालमा सामाजिक, आर्थिक र सांस्कृतिक अधिकारमात्र प्रयोग गर्न पाउने गरी संविधानले गैरआवासीय नेपाली नागरिकको अधिकारको सीमा समेत निर्धारण गरेको देखिन्छ। संविधानको उपर्युक्त व्यवस्था अनुसार गैरआवासीय नेपाली नागरिकले नेपालको अन्य नागरिक सरहको राजनीतिक अधिकारको दावी र उपभोग गर्न पाउने देखिँदैन।

३८. संविधानको धारा १४ को गैरआवासीय नेपाली नागरिकको व्यवस्था र माथिका प्रकरणहरूमा विवेचना भएको दोहोरो नागरिकताको व्यवस्थाबीचमा रहेको सारभूत

अन्तरको पहिचान नगरी निवेदकले दुबै अवस्थालाई एउटै अर्थमा अर्थवोध गरी गैर आवासीय नेपाली नागरिकतालाई संविधानले स्वीकार गरेपछि नेपाल नागरिकता ऐनको दफा १० ले चाहिँ विदेशको नागरिकता लिएको अवस्थामा नेपालको नागरिकता कायम नरहने भनी गरेको व्यवस्था संविधानको भावना विपरीत छ भनी देखाउन खोजेको पाइएको छ। तर यथार्थमा गैरआवासीय नेपाली भनी संविधानले स्पष्टतः ***सार्क राष्ट्र बाहेकको अन्य देशमा बसोबास गरेको र साबिकमा वंशजको वा जन्मको आधारमा निज वा निजको बाबु वा आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेको व्यक्ति***लाई इङ्गित गरेको देखिन्छ।

३९. विज्ञान र प्रविधिको विकासले विश्वलाई साँघुरो बनाई संसार नै एक विश्वग्राम (Global Village) मा परिणत भएको हुनाले वर्तमान समयमा कुनै पनि नेपाली नागरिकले समेत विश्वको कुनै राष्ट्रमा विचरण गर्न र सम्बन्धित देशको कानूनको अधीनमा रही स्थायी रूपमा विदेशमा बसोवास गर्न, अध्ययन गर्न, रोजगारी गरी आफ्नो भविष्य निर्माण गर्न समेत सक्तछ। यसरी विदेशमा लामो समय स्थायी बसोवास गर्ने नेपाली नागरिकले सोही देशको कानूनको अधीनमा रही त्यस्तो स्थायी बसोवास (Domicile) को मुलुकको नागरिकता समेत लिन सक्ने भएकोले कतिपय अवस्थामा नेपालको नागरिक भएको कुनै व्यक्ति अर्को मुलुकको समेत नागरिक हुने स्थिति आउन सक्तछ। त्यसरी अर्को देशको नागरिकता लिएको नेपालीको रगतको नाता यथार्थमा नेपालको भए पनि कानूनी रूपमा निजको सम्बन्ध स्थायी बसोवास भएको नागरिकताकै देशसँग रहने हुन्छ र निजले सबै नागरिक हक अधिकारको दावी समेत सोही देशको कानून अनुसार गर्न पाउने हुन्छ। त्यस्ता व्यक्तिलाई गैरआवासीय नेपालीको रूपमा संवोधन गरी विदेशको नागरिकता प्राप्त गरेका गैरआवासीय नेपालीहरूलाई निजहरूले विदेशमा आर्जन गरेको ज्ञान, सीप, पूँजी र प्रविधिको उपयोग गरी नेपालमा उद्योग, व्यापार, व्यवसाय गर्ने एवं लगानी गर्ने वातावरणको सुनिश्चितताको लागि सम्म संविधानले नेपालको गैरआवासीय नागरिकता प्रदान गर्न सकिने व्यवस्था गरेको देखिन्छ। सो व्यवस्थालाई कार्यान्वयन गर्न कानून बनाई व्यवस्थित र नियमित गर्न सक्ने गरी संविधानको धारा १४ ले नै विधायिकालाई अधिकार प्रदान गरेको समेत देखिन्छ। सो धारा १४ ले नै गैरआवासीय नेपालीलाई प्रदान गरिने नागरिकतामा राजनीतिक अधिकारलाई बाहेक गरेको र यस्ता गैरआवासीय नेपालीलाई अन्य नेपाली नागरिक सरहको सबै अधिकार नहुने गरी अधिकारको सीमा नै निर्धारण गरेको

हुँदा विदेशको नागरिकता लिएको गैरआवासीय नेपालीलाई नेपालको नागरिकतासमेत कायम रहने गरी दोहोरो नागरिकता प्राप्त गर्न सकिने भनी व्याख्या गर्नसमेत मिल्ने देखिँदैन।

४०. यसरी नेपालको नागरिक रहेको व्यक्ति वा त्यस्तो व्यक्तिको सन्तानले सार्क राष्ट्र बाहेकको कुनै पनि विदेशी मुलुकको नागरिकता प्राप्त गरेको रहेछ भने निजको हैसियत स्वतः गैरआवासीय नेपाली हुने भन्ने संविधानको मनशाय रहेको देखिन्छ। गैरआवासीय नेपाली नागरिकलाई नेपालमा राजनीतिक अधिकारबाहेक अन्य अधिकार उपभोग गर्न पाउने शर्तमा गैरआवासीय नेपाली नागरिकता प्रदान गर्न सकिने गरी कानून बनाउन संविधानले नै मार्ग प्रशस्त गरेको र संविधानले नै गैरआवासीय नेपालीको हकमा नेपालभित्र रहँदाको अवस्थामा उपभोग गर्न सकिने अधिकारको सीमा समेत निर्धारण गरिदिएको अवस्थामा गैरआवासीय नेपाली नागरिकको हैसियत र दोहोरो नागरिकता प्राप्त नागरिकको हैसियत समान र एउटै हुन सक्ने देखिँदैन। किनभने दोहोरो नागरिकताको स्थिति सामान्यतः एकभन्दा बढी वा कम्तिमा दुईवटा मुलुकको नागरिकको हैसियतमा कुनै व्यक्तिलाई प्राप्त हुने सबै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको दावी गर्न पाउने स्थिति हो। त्यसैले संविधानतः सशर्त र अधिकारको सीमा सहितको गैरआवासीय नेपाली नागरिकताको विषय र दोहोरो नागरिकताको विषयलाई समान रूपमा अर्थबोध गर्न मिल्ने देखिँदैन।

४१. अर्कोतर्फ नेपालको संविधानको धारा १३ को प्रावधान हेर्दा नागरिकता पुनः प्राप्तिको व्यवस्थासमेत रहेको देखिन्छ। यस व्यवस्था बमोजिम अन्य मुलुकको नागरिकता लिएका गैरआवासीय नेपालीले विदेशको नागरिकता परित्याग गरेको अवस्थामा नेपालको नागरिकता पुनः पाउन सक्ने देखिएको हुँदा कानूनले तोकेको शर्त र अवस्था अनुसार विदेशको नागरिकता परित्याग गरी पुनः नेपालको नागरिकता पाउन सक्ने नै देखिन्छ। यसरी नेपालको नागरिकताको सम्बन्धमा संविधानका प्रावधानहरू सुस्पष्ट रहेका र संविधानले नै विदेशको नागरिकता प्राप्त गरेपछि नेपालको नागरिकको हैसियत नै गैरआवासीय नेपाली हुने र त्यस्तो गैरआवासीय नेपालीलाई संघीय कानून बमोजिम गैरआवासीय नागरिकतासम्म उपलब्ध गराउन सकिने भनी संविधानले विदेशको नागरिकता लिएको नेपालीलाई नेपालको नागरिकको भन्दा फरक हैसियत प्रदान गरेको स्थितिमा विदेशको नागरिकता लिएको अवस्थामा नेपालको नागरिकता कायम नरहने भन्ने समेतको

नागरिकता ऐन, २०६३ को दफा १० को कानूनी व्यवस्था संविधानको भावना र मनशाय विपरित देखिँदैन।

४२. नेपालको विशिष्ट भूराजनीति, राष्ट्रिय क्षमता, जनसांख्यिक विशेषता र आकार, भौगोलिक अवस्था, विकासको स्तर र व्यवस्थापकीय क्षमता, नागरिक र राज्यका बीचको बफादारीपूर्ण अन्तरसम्बन्ध समेतलाई दृष्टिगत गरी नागरिकताको सम्बन्धमा नेपालको संविधानमा नै निश्चित आधारहरू तोकी संविधानले नै एकल नागरिकताको अवधारणालाई आत्मसात गरेको पाइन्छ। अतः संविधानले व्यवस्था गरेको गैरआवासीय नेपाली नागरिकताको विषयभित्र पूर्ण राजनीतिक हक अधिकारसहितको द्वैध (दोहोरो) नागरिकताको अवधारणा नै समेटिएको भनी निवेदकले लिएको दावीलाई औचित्यपूर्ण मान्न मिल्ने देखिएन।

४३. नेपालको नागरिकताको सम्बन्धमा संविधानले निर्धारण गरेका आधारहरू, नागरिकता प्रदान गर्दा पूरा गर्नुपर्ने संवैधानिक मापदण्ड र नागरिकताको सम्बन्धमा संविधानमा अन्तरनिहीत भावना विपरीत व्यवस्थापिकाले कानून बनाई नागरिकहरूको मौलिक हकमा अनुचित प्रतिबन्ध लगाएको अवस्थामा सो कानून अमान्य र बदर घोषित गराई पाउन कुनै पनि नेपाली नागरिकले यस अदालतसमक्ष निवेदन दिन पाउने हुन्छ। त्यसरी निवेदन परेको अवस्थामा न्यायिक पुनरावलोकनको माध्यमबाट त्यस्तो कानूनको संवैधानिकता परीक्षण गर्ने अधिकार संविधानतः यस अदालतलाई रहेको छ। त्यसरी निवेदन परेको अवस्थामा चुनौती दिइएको कुनै कानून संविधानसँग बाझिएको वा त्यसले नेपाली नागरिकको मौलिक हकमा अनुचित बन्देज लगाएको देखिएमा त्यस्तो कानूनलाई यस अदालतले बदर घोषित गर्न सक्तछ। तर जहाँ देशको मूल कानूनको रूपमा रहेको संविधान आफैंमा स्पष्ट र द्विविधारहित रहेको छ त्यसको अन्यथा व्याख्या गरी अर्को निष्कर्षमा पुग्न समेत मिल्दैन। साथै कुनै कानूनी व्यवस्थाले संविधान प्रदत्त हकमा आघात पारेको वा संविधानको भावना विपरीत नदेखिएको अवस्थामा अनुमान र आशंकाको आधारमा कुनै कानूनलाई चुनौती दिन र अमान्य घोषित गर्न पनि मिल्दैन।

४४. नेपालले विश्व व्यापार संगठनको सदस्यतासमेत लिई सकेको अवस्थामा निवेदकलाई नेपालमा कानून व्यवसाय गर्न रोक लगाउन मिल्दैन भन्ने निवेदकको तर्फबाट बहसको क्रममा लिएको जिकिरको सन्दर्भमा हेर्दा World Trade Organization (WTO) मा कानूनी सेवालाई व्यापारिक तथा व्यवसायिक सेवाको रुपमा स्वीकार गर्दै विभिन्न सीमाहरूसमेत तोकी ती सीमाभित्र रही WTO का

सदस्य राष्ट्रका कानून व्यवसायीहरूले अन्य सदस्य राष्ट्रहरूमा कानून व्यवसाय परिचालन गर्न पाउने देखिन्छ। WTO का सदस्य राष्ट्रका कानून व्यवसायीले नेपालमा पनि कानून व्यवसायको सेवा प्रदान गर्न नपाउने गरी रोक लगाएको अवस्था नभएकोले WTO का सदस्य राष्ट्रका नागरिक वा नेपाली नागरिकता प्राप्त गरेका कानून व्यवसायीले WTO ले निर्धारण गरेको सीमाभित्र रही कानून व्यवसाय गर्न हालको नागरिकता सम्बन्धमा प्रचलित व्यवस्थाले रोक लगाएको देखिंदैन।

४५. अतः माथिका प्रकरणहरूमा विवेचना गरिएका आधार र कारण समेतबाट नेपाल नागरिकता ऐन, २०६३ को दफा १० को कानूनी व्यवस्था नेपालको संविधानसँग बाझिएको नदेखिँदा सो दफा १० को कानूनी व्यवस्था बदर घोषित हुनसक्ने देखिँदैन। तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। प्रस्तुत निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू।

न्यायाधीश

उपर्युक्त रायमा हामी सहमत छौं।

न्यायाधीश न्यायाधीश न्यायाधीश का.मु. प्रधान न्यायाधीश

फैसला तयार गर्ने इजलास अधिकृतः इन्दिरा शर्मा

विक्रम संवत् २०७५ साल आषाढ महिना २० गते रोज ४ शुभम् ------------------।